अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८१।१२।२५ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी कृष्णदत्त भट्टसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट **तत्कालीन जिल्ला वन अधिकृत कृष्णदत्त भट्ट** समेतका प्रतिवादीहरु उपर आ.ब.०७४/०७५ मा गौतमबुद्ध साझेदारी वन व्यवस्थापन समिति कपिलबस्तु अन्तर्गत रहेका ६ वटा कटान प्लटमा सम्झौता भएको परिमाण भन्दा कम परिमाणमा काठ उत्पादन भएको देखाई रु.२९,१२,१९३।६५ बराबरको काठ हिनामिना हानिनोक्सानी गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.२९,१२,१९३।६५ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना हुन एवं सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०२।०९ को फैसलाबाट सफाई दिएकोमा उपरोक्त फैसलाउपर मिति २०८१।१२।२५ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल